// भूमि अधिकार अभियान
मासिक खबर

वर्ष : १ अङ्क : ४ कात्तिक, २०७१

## संविधानमा भूमि अधिकार राष्ट्रिय आन्दोलन

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको अगुवाईमा कात्तिक ३० देखि मंसिर ४ गतेसम्म संविधानमा भूमि अधिकार राष्ट्रिय आन्दोलन भयो । आन्दोलनमा ५४ जिल्लाका १६५ (७२ महिला ९३ पुरुष, ६४ दलित ३६ जनजाती) भूमिहीन किसान प्रतिनिधि सहभागी भए । दाल, चामल, तरकारीसहित राजधानी आएका किसानहरू पशुपतिस्थित वनकाली धर्मशालामा बसेर आन्दोलन गरेका थिए । मञ्चले उठाएका मुद्दा संविधानमा समेट्न सभासद् र दलका नेताहरू सकरात्मक भएसँगै मंसिर ४ गते पशुपति वनकाली धर्मशालाबाट ५ सयभन्दा बढी भूमिहीन किसानको सहभागितामा गौशला, मैतीदेवी, बागबजारहुँदै भद्रकालीसम्म ऱ्याली जुलुससहित पुगरे कोण सभा गरी स्थगन गरिएको छ ।

आन्दोलनको क्रममा विभिन्न पार्टीका शिर्षस्थ नेतासहित ४९ सभासद्हरू वनकाली धर्माशालामा पुगेर किसान आन्दोलन प्रति ऐक्यवद्दता जनाए । साथै पत्रकार/लेखक र विभिन्न सञ्चार माध्यमहरूले पनि आन्दोलन प्रति सहयोग गरी ऐक्यवद्दता जनाए ।

आन्दोलनको पहिलो दिन कात्तिक ३० गते नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बल्खुस्थित पार्टी केन्द्रीय कार्यालयमा भेटेर भूमि सुधार पत्र बुझाइयो । मंसिर १ गते एकीकृत नेकपा माओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ वनकाली धर्मशालामा पुगेर भूमि अधिकार मञ्चको आन्दोलन प्रति ऐक्यवद्दता जनाए । भूमि अधिकारबाट वञ्चित किसानसँग अन्तरक्रिया गर्दै श्रेष्ठले 'अहिलेको संविधानमा वैज्ञानिक भूमि सुधारको संवैधानिक व्यवस्था नभए सम्पूर्ण मजदूर, भूमिहीन र साना किसानको समस्या हल नहुने' बताए ।

मंसिर, २ मा वनकाली धर्मशालामा युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेल पुगेर भूमि अधिकार मञ्चको आन्दोलनप्रति ऐक्यवद्दता जनाउँदै नयाँ संविधानमा भूमिहीन सुकुम्बासीहरूको आवाशको अधिकार सुनिश्चित गर्न छलफल भइरहेको बताए । त्यस्तै, सोही दिन एकीकृत नेकपा माओवादीका सचिव एवम् संसदीय दलका प्रमुख सचेतक गिरिराजमणि पोखरेलसहित सभासद्को टोली धर्मशालामा पुगेर मञ्चको आन्दोलनप्रति ऐक्यवद्दता जाहेर गर्दै नयाँ संविधानमा भूमिहीन किसानको समस्या हल हुने खालको संवैधानिक व्यवस्था नभए किसानसँगै सडक आन्दोलनमा उत्रिने बताए ।

मंसिर ३ गते नेकपा–माओवादीका सचिव देव गुरुङ पनि वनकाली पुगेर किसानहरूको आन्दोलन प्रति ऐक्यवद्दता जनाउँदै अहिलेको संविधान सभाले सम्पूर्ण भूमिहीन र मजदूर किसान वर्गको समस्या हल नहुने भएकाले आन्दोलनको विकल्प नरहेको बताए । सोही दिन नेपाली काँग्रेसका युवा नेता तथा संविधान सभाका कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले सबै नेपालीलाई मान्य हुने संविधान जारी गर्नको लागि दलहरूबीच प्रयास भइरहेको बताए । यस्तै सोही दिन नेकपा एमालेका उपमहासचि विष्णु पौडेल पनि वनकाली धर्मशालामा पुगी किसान आन्दोलन प्रति ऐक्यवद्दता जनाउँदै संविधान सभामार्फत भूमि सुधार गर्न प्रतिवद्द रहेको बताए ।

मंसिर ४ गते एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पनि वनकाली पुगेर किसानहरूसँग अन्तरक्रिया गर्दै किसान आन्दोलन प्रति ऐक्यवद्दता जनाए । अध्यक्ष प्रचण्डले एमाओवादी भूमिहीन, मजदूर र किसानको पार्टी भएकाले भूमि सुधारको मुद्दा नछाड्ने बताए । उनले भूमिहीन र मजदूर

वर्गको तर्फबाट सदन, संविधान सभा र राजनीतिक तहमा पनि समझदारीको प्रयास गरी भूमि सुधार लागु गर्ने बताए ।

राष्ट्रिय भूमि अधिकार मञ्चले (१) जमिनमा आफैं श्रम गर्ने जोताहा महिला एवम् पुरुष किसानका पक्षमा भूमि सुधार गर्ने स्पष्ट संवैधानिक प्रावधान गरिनुपर्ने । (२) आदिम भूमिमै रहेर कृषिमा आश्रित आदिवासी जनजातीहरूको भूमिमाथिको अधिकार एवम् नियन्त्रण सुनिश्चित गरिनुपर्ने । (३) दलित, भूमिहीन, सुकुम्बासी, हलिया, हरूवाचरुवा, कमैया, कमलरी, कृषिश्रमिक, साना किसानलगायत भूमि अधिकारबाट वञ्चितहरूलाई जमिनको अधिकारसहितको जीविका सुनिश्चित गरिनुपर्ने । (४) कृषि कर्ममा संलग्न महिलाहरूको भूमिमाथिको अधिनत्व कायम गर्ने संवैधानिक व्यवस्था गरिनुपर्ने । (५) विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र त्रीवर्षिय राष्ट्रिय योजनाअनुसार तुरुन्त समग्र भूमि सुधारको प्रक्रिया थालनी गरिनुपर्ने । र (६) भूमि प्राकृतिक स्रोत र उत्पादनको साधन भएकाले भूमिमा न्यायोचित हदबन्दी (बढिमा ३ हेक्टर) लगाई हदभन्दा माथिको जग्गामा क्षतिपूर्ति नदिने संवैधानिक व्यवस्था हुनुपर्ने माग राखि राष्ट्रिय आन्दोलनको आयोजना गरिएको हो ।

भद्रकालीमा भएको कोण सभालाई सम्बोधन गर्दै एमाले नेता तथा संविधान सभा अर्थ समितिका सभापति प्रकाश ज्वाला, एमाओवादी सचेतक रेखा शर्मा, सभासद् एवम् नागरिक अगुवा श्याम श्रेष्ठ, एमाले नेतृ उशाकला राई, राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपाललगायतले भूमि अधिकार मञ्चको आन्दोलन प्रति ऐक्यवद्दता जनाउँदै नयाँ संविधानमार्फत भूमि सुधार लागु गर्न माग गरे ।













राष्ट्रिय आन्दोलनका केही तस्वीरहरू

### संविधानमा भूमि सुधारको ग्यारेण्टीका लागि देशभर प्रर्दशन



संविधानमा भूमि सुधारको मुद्दालाई यथोचितरूपमा समेट्नुपर्ने माग राखी २६ कात्तिकमा ४४ जिल्लामा प्रर्दशन गरिएको छ । प्रर्दशनमा ३५ हजारभन्दा बढी भूमिहीन किसानहरू सहभागी भए । उनीहरूले हदबन्दीभन्दा बढी जग्गाको क्षतिपूर्ति दिने गरी संविधान सभा अन्तर्गतका समितिहरूमा भएको भनिएको सहमतिको विरोध गरेका छन् । उनीहरूले वर्गीय मुद्दा कमजोर बनेको र भूमि सुधारलाई वेवास्ता गरिएको आरोप लगाएका छन् । आफ्ना घोषणाभन्दा पछि फर्केर भूमि सुधारसम्बन्धी फितलो व्यवस्था गर्न लागेकोमा किसानहरूले आपत्ती जनाएका हुन् ।

जिल्लागत रूपमा आयोजना भएको कोण सभा तथा छलफल कार्यक्रममा स्थानीय राजनीतिक दलका नेताहरू, सभासद्हरू, स्थानीय सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरू सहभागी भई भूमिहीन किसानको माग प्रति ऐक्यवद्दता जनाएका छन् ।

### छुटेका मोही दर्ता गर अभियान



एमाओवादी सभासद्हरूसँग सिंहदरवारमा छलफल गर्दै मोही किसानहरु

जोताहा किसान र मोहीहरूको समूहले कात्तिक १७ देखि १९ सम्म संविधान सभाका अध्यक्ष, सभासद्, राजनीनिक दलका नेताहरूसँग छलफल गरेका छन् ।

राष्ट्रिय भूमि अधिकार मञ्चको अगुवाईमा संविधान सभाका अध्यक्ष, प्रमुख तीन दलका सचेतक, संविधान सभाका कृषि तथा जलस्रोत समितिका सभापति र ४१ जना सभासद्हरूसँग मोही किसानहरूले भेटेर मोही समस्याबारे छलफल गरी जिल्ला फर्केका छन् । लामो समयदेखि मोही बाँडफाँटका लागि पेश भएका निवेदनहरू छिनोफानो नभएर तारेक धाउँदाधाउँदा पीडित बन्नु परेको गुनासो किसानहरूले सभासद्हरू समक्ष गरे । व्यवस्थापिका संसदमा पेश भएको भूमिसम्बन्धी ऐन, २०२१ को छैठौं संशोधन विधेयकमा छुटेका मोही दर्ता नभएकोले संशोधनमा सो विषय नछुटाउन अनुरोध गरे । यस समस्यालाई सल्टाउने व्यवस्था गर्न सबै सभासद् सकरात्मक भएका छन् ।

## किसान भेला भयो




खाद्यसुरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने साना, महिला तथा भूमिहीन किसानहरूको समस्या फरक छन् । समग्र किसान मात्रको घेराले यिनलाई समेट्दैन । किसानका समस्या र समाधानका उपायबारे अन्तरक्रिया गर्न र सोउपर नीति निर्माता र कार्यान्वयन निकायका पदाधिकारीसँग सम्वाद गर्नका लागि मंसिर १ र २ गते राजधानीमा राष्ट्रिय किसान भेला भयो । भेलामा ३६ जिल्लाबाट १२५ किसानहरू सहभागी थिए ।

भेलाको उद्घाटन सत्रमा कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले साना, भूमिहीन र महिला किसानका समस्या समाधान गर्न सकिए गरिबी घट्ने बताउनुभयो । उहाँले छलफलका निचोढहरू समितिमा बुझाउन अनुरोध गर्नुभयो ।

भेलामा सहभागी किसानहरूले छलफलबाट २५ बुँदे छलफल पत्र तयार गरी राष्ट्रिय योजना आयोग, भूमि सुधार तथा व्यवस्थापन विभाग, कृषि विभाग, र सिँचाइ विभागमा गई छलफल गरेका छन् ।



## निवेदन बुझाउन सहयोग

निवेदन पेश गर्न जारी गरिएको सूचना अनुरुप भूमि अधिकार मञ्चमा सङ्गठित २३ जिल्लाका ६४,६९३ परिवारले निवेदन पेश गरेका छन् । यस कार्यमा भूमि अधिकार मञ्चले सघाएको थियो ।

## प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाइयो

हदबन्दीभन्दा माथिको जमिनको क्षतिपूर्ति दिने भनि संवैधानिक राजनीतिक सम्वाद समितिले गरेको निर्णय विरुद्व र्‍यालीसहित जिल्ला भूमि अधिकार मञ्च बाँकेले जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारका प्रधानमन्त्री शुशिल कोइरालालाई ज्ञापन पत्र बुझाएको छ ।

## जोतभोग प्रमाण पत्र लिए

जिल्ला भूमि अधिकार मञ्च, डडेलधुराको पहलमा शिर्ष, जोगबुढा, र आलिताल गाविसका ८२३ भूमिहीन परिवारले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोगको आधार प्रमाण पत्र लिएका छन् ।

### देउसीबाट कोष संकलन

सुनसरीको खोरीया र मझौरा गाउँ भूमि अधिकार मञ्चले देउसी खेली २२,५२८ रूपियाँ र सुर्खेतको जर्वुटा गाविसका गाउँ भूमि अधिकार मञ्चहरू मिली देउसी खेली ४ हजार रूपियाँ आन्दोलन कोष सङकलन गरेका छन् ।

### संयुक्त पुर्जा बनाउने थपिए

कात्तिक महिनामा ललितपुरका १६ जोडीले १२४ रोपनी क्षेत्रफलमा, महोत्तरीका ११ जोडीले १ विघा १० कट्ठा क्षेत्रफलमा र धनकुटामा ७ जोडीले २९ रोपनी क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरेका छन् ।

### संयुक्त पुर्जा बनाउने सम्मानित

जिल्ला भूमि अधिकार मञ्च ओखलढुङ्गाले अभियानमा सङ्गठित भई संयुक्त पुर्जा बनाउने ४२ जोडीलाई प्रमाणपत्र र दोसल्ला ओडाई सम्मान गरेको छ । उनीहरूले ५१२ रोपनी क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा बनाई भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।



सम्मानपछि सामूहीक तस्विर खिचाउँदै किसान जोडी : ओखलढुङ्गा

### भूमिहीनको भूमिघर

सिगास गाउँ भूमि अधिकार मञ्च कञ्चनपुरका २० सदस्यले श्रमदान गरी भूमि घर बनाएका छन् । गाउँ मञ्चले कृष्ण सामुदायिक वन उपभोक्ता समितिसँग ५ हजार मूल्य बराबरको काठ र छाना छाउनको लागि ८ भारी खर सहयोग लिएको छ ।

### सुकुम्बासी आयोगको कार्यादेश संशोधन गर्न माग

७२ जिल्लामा गठन गरिएको सुकुम्बासी आयोगको कार्यादेश समस्या समाधान गर्ने खालको नभएकाले संशोधनका लागि राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले भूमि सुधार तथा व्यवस्था मन्त्री र सुकुम्बासी आयोगका अध्यक्षलाई लिखित माग राखेको छ । बसोबास गरिरहेको जग्गा बिनाशुल्क किसानकै नाममा दर्ता गरेर मात्र समस्या समाधान हुने मञ्चको ठहर छ ।


भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल(NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org